# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
## Unified Communist Party of Nepal (Maoist)
## केन्द्रीय समिति
## Central Committee

# प्रेस-वक्तव्य

१. एमालेसम्बद्ध हतियारधारी युथफोर्सको एक जत्थाले आइतबार सुर्खेतको सहारे, बोटेचौर बजारमा खुकुरी, भाला र रड प्रहार गरी बाँकेको कोहलपुर निवासी वाईसीएलका डीसीएम आशाराम वि.क.को जघन्य हत्या गरेको, अखिल नेपाल शिक्षक संगठनका हिरा ब. वि.क., खिमबहादुर वली र वाईसीएलका सेतीराम सुनारलाई गम्भीर घाइते बनाएको र नुवाकोटमा वाईसीएलका कार्यकर्ताको हत्याप्रयास गरेको घटनाले हामीलाई स्तब्ध, दुःखित एवम् आक्रोशित बनाएको छ ।

हाम्रो पार्टी एकीकृत ने.क.पा.(माओवादी) उक्त बर्बर हत्याको घोर भर्त्सना गर्दछ, कमरेड आशारामप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ, शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ र आम पार्टीपंक्ति एवम् आफन्तजनहरूलाई शोकलाई शक्तिमा बदलेर प्रतिरोधसङ्घर्षमा अगाडि बढ्न आह्वान गर्दछ ।

त्यसैगरी, हाम्रो पार्टी दोषीहरूलाई अविलम्ब गिरफ्तार गरी कारबाही चलाउन, कमरेड आशारामलाई शहीद घोषणा गर्न र उहाँको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेहरूको लागि उपचार खर्च ब्यहोर्न  र क्षतिपूर्ति प्रदान गर्न राज्यसित जोडदार माग गर्दछ ।

उक्त सुर्खेत घटनाका घाइतेहरूको सुर्खेत क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ ।

नुवाकोटको बागेश्वरी र फलाँटेबजारमा  आइतबार एमालेसम्बद्ध युथफोर्सले नै गरेका छुट्टाछुट्टै आक्रमणमा वाईसीएलका सुकबहादुर तामाङ र दिनेश थापामागर गम्भीर घाइते बनाइनुभएको छ । त्यसैगरी, रूप नेपाली, रमेश नेपाली र राजेन्द्र लामिछाने घाइते बनाइएका छन् । गम्भीर घाइते दिनेश थापामगरको जनमैत्री अस्पतालमा उपचार भइरहेको छ भने अन्यको स्थानीय स्तरमै उपचार भइरहेको छ ।

२. बाराको गञ्जभवानीपुरमा गत पुस २२ गते हतियारधारी आततायीहरूको आक्रमणमा परी गम्भीर घाइते बनाइनुभएका हाम्रो महान् तथा गौरवशाली पार्टी एकीकृत ने.क.पा.(माओवादी)का भोजपुरा राज्यसमिति सदस्य कन्हैयालाल यादवको उपचारका क्रममा आइतबार अपरान्ह ४ : ०० बजे नर्भिक अस्पतालमा निधन भएको छ । बुबा सुकदेव यादव र आमा सरस्वती यादवको कोखबाट २०३७ वैशाख १६ मा जन्मनुभएका कन्हैयालाल २०५४ सालदेखि हाम्रो पार्टीमा सक्रिय हुनुहुन्थ्यो । उहाँको परिवारमा हाल श्रीमती र तीन छोरी रहेका छन् ।

एकीकृत ने.क.पा.(माओवादी) कमरेड कन्हैयालालप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ र शोकसन्तप्त पार्टीपंक्ति एवम् उहाँका आफन्तजनप्रति समवेदना प्रकट गर्दछ ।

कमरेड कन्हैयाललालाई पनि शहीद घोषणा गर्न र उहाँको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन हाम्रो पार्टी राज्यसित जोडदार माग गर्दछ ।

सोही गञ्जभवानीपुर गोलीकाण्डमा परेर यसअघि हाम्रो पार्टीका राज्य समिति सदस्य क.रामप्रकाश यादव, बारा निर्वाचन क्षेत्र नं. २ का क्षेत्रीय सदस्य दाराप्रसाद यादव र गञ्जभवानीपुर गाउँसमिति सदस्य क. अम्बिका महतो 'नुनिया'को ज्यान गएको थियो ।

३. आइतबार नै मकवानपुरमा एमालेसम्बद्ध युथफोर्सले मच्चाएको गोलीकाण्डको पनि हाम्रो पार्टी घोर निन्दा एवम् भर्त्सना गर्दछ ।

४. यो वर्षको साउनदेखि यतामात्रै राज्यद्वारा संरक्षित एमालेका अर्धसैनिक जत्था युथफोर्स, राज्यका प्रहरी र साम्राज्यवाद-विस्तारवादसंरक्षित हतियारधारी गिरोहको आक्रमणमा परी हाम्रो पार्टीका एक दर्जनभन्दा बढी कार्यकर्ता, समर्थक र सर्वसाधारण मारिएका छन् ।

धनुषा जिल्लामा भदौ ८ गते एमाले-काँग्रेसको मिलेमतोमा राज्यको संरक्षणमा हाम्रो पार्टीका एरिया सदस्य क. विरेन्द्र रायाको पहिले गोली र पछि खुकुरी प्रहार गरी, र सोही दिन ताप्लेजुङ जिल्ला सदरमुकाममा लिमाङ् गाउँ कमिटी सेक्रेटरी क. लगम लिवाङ्ग लिम्बूको गोली प्रहारपछि हातखुट्टा काटी हत्या गरिएको थियो ।

कैलालीको डुडेझारीमा गत मंसिर १९ गते गृहमन्त्री भीम रावलको ठाडो आदेशमा राज्यको सुरक्षाफौजले निहत्था सुकुम्बासीमाथि अन्धाधुन्धा गोली चलाउँदा र आगजनी गर्दा हाम्रो पार्टीका ६ जना समर्थक तथा सर्वसाधारण मारिएका थिए ।

धादिङको दार्खा- ९ मा गत पुस १४ गते एमाले युथफोर्सका लठैतहरूले माउजर पेस्तोलबाट गोली चलाउँदा वाईसीएलका सन्तबहादुर तामाङ गम्भीर घाइते बनाइनुभएको थियो । धादिङकै केवलपुर गाविसमा पुस २४ गते एमालेसम्बद्ध युथफोर्सको खुकुरी प्रहारमा परी स्थानीय शिक्षक प्रकाश आचार्य, एकीकृत ने.क.पा.(माओवादी)का इलाका सदस्य खुमबहादुर आचार्य र अनेरास्ववियू (क्रान्तिकारी) का प्रकाश आचार्य गम्भीर घाइते बनाइनुभएको थियो ।

बाराको नितनपुर चोकमा गत पुस २८ गते सशस्त्र आततायीहरूको एक जत्थाले हाम्रो पार्टीका भोजपुरा राज्य समिति सदस्य क. राजेश मण्डलको गोली हानी हत्या गरेको थियो ।

त्यसैगरी सल्यान, कास्की, लमजुङलगायतका जिल्लाहरूमा पनि एमालेका युथफोर्सको साङ्घातिक हमलामा हाम्रो पार्टीका दर्जनौं कमरेडहरू घाइते बनाइनुभएको छ ।

यसरी राज्य खासगरी गृहप्रशासनकै संरक्षणमा एमालेका कार्यकर्ताहरूले जसरी देशव्यापीरूपमा हतियार बोकी गाउँवस्ती एवम् शहरचोकहरूमा राज्यआतङ्क र गुण्डाराज चलाएका छन्, त्यसलाई अबिलम्ब रोक्न एमाले पार्टी र सम्बद्ध पक्षलाई हामी जिम्मेवारपूर्वक आग्रह गर्दछौं । त्यसैगरी, नागरिकहरूको जिउधनको सुरक्षा गर्न नसक्ने लाचार कठपुतलीहरूलाई सरकारमा रहिरहने कुनै नैतिक अधिकार छैन भन्ने तथ्यलाई पनि पुनः स्मरण गराउन चाहन्छौं । र, यो राज्यआतंकको विरोध तथा प्रतिरोध गर्न आम देशवासीसामु हार्दिक अपिल गर्दछौं ।

*२०६६ फागुन १७ गते*

**दीननाथ शर्मा**
प्रवक्ता